# नेपाल सरकार

प्रदेश प्रमुख

बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

## राष्ट्रिय भूकम्प सुरक्षा दिवसको सन्देश

'भूकम्पीय सचेतना, सुरक्षित संरचना' भन्ने नारा सहित आज मनाइने २४ औं राष्ट्रिय भूकम्प सुरक्षा दिवसका सन्दर्भमा भूकम्पीय जोखिमबाट बच्नका लागि सुरक्षित संरचनाहरु निर्माण गर्न थप प्रेरणा मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

वि.सं १९९० माघ २ गते भूकम्पको त्रासद सम्झनामा यो दिवस मनाउने गरिएको छ । यसैगरी वि.स.२०७२ वैशाख १२ गतेको भूकम्पपछि पुनर्निर्माणको काम सम्पन्न हुने चरणमा रहेका छन् । भूकम्पबाट क्षति भएका संरचनाहरु पुनर्निर्माण एवम् पुनःस्थापनाको कार्यमा लाग्ने र सहयोग पुऱ्याउने सम्बन्धित सम्पूर्ण पक्षहरुमा धन्यवाद व्यक्त गर्न चाहन्छु ।

भूकम्पीय जोखिमका हिसाबले नेपाल ११ औं स्थानमा रहेको तथ्यलाई मध्यनजर गर्दै पूर्वाधार निर्माणमा आचारसंहिताको पूर्णपालना गरिए यसबाट जनधनको क्षति कम गर्न सघाउ पुग्नेछ । आजका दिनलाई औपचारिकतामा सीमित नगरी नागरिकलाई भूकम्पबाट हुने क्षति न्यूनिकरण गर्न आवश्यक मापदण्ड निर्माण गरी कार्यान्वयन गर्ने वातावरण बनाउन आग्रह गर्दै यो दिवसले सचेत र सुरक्षित रहन सबैलाई प्रेरित गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु । साथै विभिन्न समयमा गएका भूकम्पबाट ज्यान गुमाएका सम्पूर्ण व्यक्तिहरुमा भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु ।

**धन्यवाद !**

**२०७८ माघ २ गते आइतबार**

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

**यादवचन्द्र शर्मा**

**प्रदेश प्रमुख**